पाँचौ नगर सभा बैठकमा २०७६ असार १० गते मंगलबार नगर उपप्रमुख कविता बिष्टबाट प्रस्तुत

आर्थिक वर्ष २०७६/७७ को

# बार्षिक बजेट वक्तव्य

बडीमालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मार्तडी बाजुरा

सुदूरपश्चिम प्रदेश नेपाल

# पाँचौ नगरसभामा पेश भएको आर्थिक बर्ष २०७६।०७७ को लागि प्रस्तावित बजेट वक्तव्य

आदरणीय सभाध्यक्ष महोदय,

उपस्थित नगरसभा सदस्यज्यूहरु,

नेपालको संविधानको धारा २२३ बमोजिम गठित सम्मानीत नगरसभा समक्ष धारा २२६ बमोजिम आगामी आर्थिक बर्ष २०७६।०७७ को बार्षिक बजेट पेश गर्न पाउँदा अत्यन्त हर्सित भएको छु । यस महान अवसरमा यो मौका प्रदान गर्नु हुने समस्त नगरसभा सदस्यज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछु ।

यस अवसरमा सवै कालखण्डमा जीवन आहुति दिनु हुने अग्रज सहिद प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनमा घाइते तथा अंगभंग भएका सबैप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

१. आर्थिक बर्ष २०७६।०७७ मा बजेट तर्जुमा गर्दा नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा स्थानीय तह योजना तर्जुमा दिग्दर्शन, २०७५ ले निर्धारण गरेका प्रक्रिया पुरा गरिएको छ । टोल, वस्ती, गाउँ तथा वडा तहबाट आएका र नगरपालिकाले आवश्यक ठानेका योजनाहरुमा बजेट विनियोजनको व्यवस्था मिलाइएको छ ।

२. अति न्यून आन्तरीक आय, ग्रामीण तथा भौगोलिक जटिलता, छरिएर रहेको बस्ती, न्यून वित्तीय समानीकरण अनुदान, न्यून राजश्व बाँडफाँड प्राप्ती लगायताबाट नगरबासीले अपेक्षा गरेका सवै योजनाहरु समावेश गर्न सकिने बजेटको आकार र साईज छैन । तथापी प्राप्त श्रोतलाई नगरको सबै क्षेत्र, वर्ग, भूगोलमा बसोबास गर्ने नगरबासीमा पुगोस् भन्ने धारणलाई मध्येजनर गरी यथोचित विनियोजनको व्यवस्था मिलाएको छु।

३. नगरपालिकामा कर्मचारीको अभाव, न्यून बजेटका बाबजुतपनि चालु आर्थिक वर्षमा नगरका बार्षिक योजना तथा कार्यक्रम संचालन भै रहेका छन् । यसबाट नयाँ सडक ट्र्याक खोल्ने कार्य, सडक स्तरोन्नती, खानेपानी निर्माण र मर्मत, शैक्षिक गुणस्तर सुधारका लागि नगर स्वयं सेवक शिक्षक व्यवस्थापन, सामुदायिक पूर्वाधार, सिचाई आयोजना,

स्वास्थ्य संस्था निर्माण लगायतका योजना तथा कार्यक्रमहरु कार्यान्वयन भईरहेका छन् ।

४. आगामी बर्षको योजना तर्जुमा गर्दा नगरपालिकाले संविधान, स्थानीय सरकार संचालन ऐन, दिगो विकासका लक्ष्य, आवधिक नगर विकास योजना, नगर यातायात गुरु योजना, विपद् व्यवस्थापन योजना, आवधिक उर्जा योजना लगातयका क्षेत्रगत नीति, बार्षिक नीतिले अंगिकार गरेका नीतिलाई सम्बोधन हुने गरी बजेट तर्जुमा गरेको छ ।

सभाध्यक्ष महोदय,

५. चालु आर्थिक वर्षको बार्षिक प्रगतिका बारेमा संक्षिप्तमा जानकारी गराउन चाहान्छु । चालु आर्थिक वर्षमा थप सर्शत कार्यक्रम समेत गरी कुल बार्षिक बजेट रु ४५ करोड ५४ लाख २६ हजार ६ सय ९० कायम भएको छ । जसमध्ये चालु तर्फ २६ करोड ४३ लाख ५४ हजार ६ सय ९० मध्ये २०७६ जेष्ठ मसान्तसम्म १६ करोड २९ लाख ७६ हजार अर्थात ६२ प्रतिशत र पूँजीगत तर्फ १९ करोड १० लाख ६२ हजार मध्ये ८ करोड १९ लाख ३७ हजार अर्थात ४६ प्रतिशत खर्च भएको छ । योजना सम्झौता गर्दा पेश्की दिने व्यवस्था नभएकोले खर्च प्रतिशत न्यून देखिए पनि कार्य प्रगतिका हिसावले करिब ८० प्रतिशत भन्दा बढी काम सम्पन भई सकेको छ । उक्त बजेट खर्चबाट निम्नानुसार उपलब्धी हाँसिल भएका छन् । १७ वटा सडक योजनाहरुको २४.६९ किलोमिटर कच्ची सडक खोल्ने र सुधारको काम भएको छ भने वडा ५ र ६ बाहेक नगरका सबै वडा केन्द्रहरु सडक संजालमा जोडिएका छन् । वृहत मार्तडी खानेपानी लगायत २० वटा खानेपानी योजना निर्माण तथा मर्मत भै खानेपानीको सहज आपूर्ति भएको छ । विद्यालयलाई पूर्वाधारयुक्त बनाउने अभियान अन्तरगत विद्यालय भवन तथा प्रारम्भिक बाल विकास केन्द्रहरुको व्यवस्थापन गरी पठन पाठनमा सहजता आएको छ । जिल्ला सदरमुकाम मार्तडीमा वन कार्यालय देखि जिल्ला अस्पताल प्रवेशद्धार र गौडा देखी खुलामञ्च सम्मका सडक ठेक्का भई निर्माण प्रकृयामा रहेका छन् । सामाजिक क्षेत्रमा छाउपडी गोठमुक्त अभियान सहित महिला हिंसा न्यूनिकरण लगायतका क्षेत्रमा प्रगती हुदैं आएको छ । सबै वडा कार्यालयमा नेट जडान भएको छ अव त्यसलाई स्तरोन्नति र गुणस्तरिय बनाउने व्यवस्था गर्न बजेट व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय र उपस्थित महानुभावहरु**

६. अव म आगामी आर्थिक २०७६।०७७ को कुल बजेट अनुमान सभा समक्ष पेश गर्न चाहन्छु । नगरपालिकालाई संघीय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान रु १० करोड ९५ लाख, सशर्त अनुदान १३ करोड ५ लाख, संघीय सरकारबाट राजश्व बाँडफाड बापत ७ करोड १५ लाख, प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान ६८ लाख १२ हजार, प्रदेश सरकारबाट राजश्व बाँडफाँड बापत १५ लाख, नगरपालिकाको राजश्व परिचालनबाट प्राप्त हुने २५ लाख, यूनिसेफ नेपालबाट प्राप्तहुने रु ८५ लाख बजेट गरी जम्मा ३३ करोड ८ लाख १२ हजार अनुमान गरी सोही बमोजिम विनियोजनको प्रस्ताव गरेको छु ।

कुल बजेटलाई चालु खर्च तर्फ ७ करोड ५५ लाख र पूँजीगत तर्फको ११ करोड ६३ लाख १२ हजार र सर्शत तर्फ १३ करोड ९० लाख हुने गरी विनियोजन व्यबस्था गरेको छु । यसका साथै सडक बोर्ड नेपाल, युएन हेभिटेट लगायत दातृ निकायबाट सहयोग हुने साझेदार कार्यक्रमहरु, प्रधानमन्त्री रोजगार कार्यक्रम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, प्रदेश पूर्वाधार विकास कार्यक्रम लगायतका थप प्राप्त हुने सर्शत कार्यक्रमहरु तोकिए बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु ।

चालु खर्च तर्फ संघ तथा प्रदेशबाट प्राप्त हुने राजश्व वाँडफाँड र आन्तरिक आयबाट विनियोजन गरेको छु, जसबाट पदाधिकारीहरुको मासिक निर्वाह भत्ता, कर्मचारी तलव भत्ता, वैठक भत्ता, कार्यालय सामाग्री व्यवस्थापन, वडा कार्यालयको चालु खर्च लगायतका अनिवार्य दायित्वलाई व्यवस्थापन गरिने छ भने पूँजीगत तर्फको बजेटलाई निम्नानुसार हुने गरी विनियोजन गरेको छु ।

क) नगरस्तरीय मर्मत सम्भार कोषबाट खर्च हुने गरी ५० लाख, वडा स्तरीय मर्मत सम्भार कोषबाट खर्च हुने गरी २९ लाख २९ हजार गरी कुल जम्मा ७९ लाख २९ हजार खर्च गर्ने गरी व्यवस्था मिलाएको छु । वडा तहका सानातिना मर्मत सम्भारका कार्यहरु वडा समितिको सिफारिसमा नगरपालिकाले कार्यान्वयन गर्ने व्यवस्था र नगर स्तरीय

मर्मत सम्भार कोषको हकमा मर्मत सम्भार संचालन कार्यविधि जारी गरी सोही बमोजिम संचालन हुन प्रस्ताव गरेको छु ।

ख) झोलुङ्गे पुलको कार्यक्रम संचालन, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, सडक बोर्ड नेपाल, युनिसेफ, बहु क्षेत्रीय पोषण योजना अन्य साझेदारका कार्यक्रमसँग साझेदारी गर्न १ करोड ३० लाख रकम समपुरक कोषमा विनियोजन गरेको छु । जसबाट नगरमा साझेदारी बढ्न गई नगरको विकासमा सकारात्मक नतिजा हाँसिल हुने अपेक्षा गरेको छु।

ग) विपद् व्यवस्थापन कोष, विपन्न नागरिक सहायता कोष, खानेपानी तथा सरसफाई कोष लगायतका विभिन्न कोषहरुमा रकम व्यस्थापन गरेको छु । तोकिएको कार्यविधि अनुसार खर्च गर्ने व्यवस्था गरेको छु ।

७. नगरपालिकाका वडालाई विकासको जग र वलियो बनाउन वडा तर्फका कार्यक्रको लागि २ करोड ८२ लाख रकम सिमा तोकि सोही सिमा भित्र रही सवै वडाबाट प्राप्त योजना तथा कार्यक्रमहरुलाई वडाले प्रस्ताव गरे बमोजिम जस्ताको तेस्तै स्वीकृत गरी बजेट विनियोजन गरेको छु । वडा तहमा बजेट सीमा निर्धारण गर्दा न्यूनतम अनुदान सबै वडामा बराबर तथा भुगोल, जनसंख्या, विकासको अवस्था, समावेशी आधार समेतबाट शुत्रको आधारमा व्यवस्थापन मिलाइएको जानकारी गराउँदछु ।

८. समृद्ध र खुशी नगरबासीको लक्ष्यलाई पुरा गर्न २०७६ लाई लगानी बर्षको रुपमा लिई आर्थिक विकास तर्फ ६० लाख ८० हजार बजेट विनियोजन गरेको छु ।

९. बडीमालिका नगरपालिकाको समृद्धिको आधार बडीमालिका र कालाञ्रगा लगायतको विकास, संरक्षण र प्रचार प्रसारका लागि १२ लाख ५० हजार बजेट विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

**नगरपालिकाले लिएका नीति तथा कार्यक्रमलाई साकार पार्न प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष २०७६।७७ को विषयगत क्षेत्रगत रुपमा बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

## आर्थिक विकास क्षेत्र

१०. आत्मनिर्भर नगरपालिका बनाउने उद्देश्यले कृषि तर्फ कूल २६ लाख बजेट विनियोजन गरेको छु । कृषकसग नगर प्रमुख कार्यक्रम अन्तरगत सबै वडामा माटो परिक्षण, किसानको मुहार मुस्कान- प्रविधिकरण र आधुनिकीकरणको अभियान,  हल्दि खुर्सानी नगरको लगानी, एक वडा एक उत्पादन पहिचाहन जस्ता कार्यक्रममा बजेट विनियोजन गरेको छु । यसै गरी उद्योग वाणिज्य तर्फ रु १ लाख, पर्यटन तर्फ १२ लाख ५० हजार, वित्तीय क्षेत्र तर्फ १ लाख, पशु तर्फ ५ लाख २५ हजार समेत गरी कुल जम्मा ६० लाख ८० हजार खर्च हुने अनुमान गरेको छु ।

## सामाजिक विकास क्षेत्रः

११. महिलासँग उपप्रमुख तथा समाज सुधार कार्यक्रलाई प्रभावकारी कार्यान्वयनको लागि बजेट व्यवस्थापन गरेको छु । साथै शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रबर्द्धन, खेलकुद तथा मनोरञ्जन, लैङ्गिक समानता तथा समावेशीकरण समेत गरी कुल जम्मा ३ करोड ५४ लाख १ हजार विनियोजन अनुमान गरेको छु ।

## पूर्वाधार निर्माण क्षेत्र तर्फः

१२. स्थानीय सडक पुल तथा झोलुङ्गे पुल, सिंचाई, भवन तथा शहरी विकास, संचार समेत गरी ६ करोड १० लाख ९० हजार विनियोजन प्रस्ताव व्यवस्था गरेको छु ।

## बन, बातावरण तथा विपद् व्यवस्थापन तर्फ

१३. बन तथा भु संरक्षण, जलाधार संरक्षण, वातावरण तथा जलवायु परिवर्तन, फोहोर मैला तथा ढल व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन समेत गरी ७४ लाख २८ हजार विनियोजन प्रस्ताव गरेको छु ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ

१४. सामान्य सेवा, सुचना प्रविधि, पञ्जिकरण व्यवस्थापन, तथ्यांक संकलन, सुशासन प्रबर्द्धन, अनुसन्धान र विकास, लेखांकन, राजश्व परिचालन समेत गरी ६३ लाख १४ हजार विनियोजन व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

विनियोजन प्रस्तावको विस्तृत विवरण सहितको अनुसूची सभा समक्ष पेश गरेको छु । सवै नगरसभा सदस्यज्यूहरुले छलफल गरी निष्कर्षमा पुऱ्याउनु हुनेनै छ । प्रस्तावित विनियोजन बजेटलाई नगरपालिका, वडा कार्यालय तथा बिषयगत शाखामार्फत कार्यान्वयनको व्यवस्था मिलाएको छु । यसको कार्यान्वयनबाट नगरपालिका क्षेत्रमा सकारात्मक परिवर्तनको अपेक्षा गरेको छु । यो बजेटको प्रभावकारी कार्यान्वयनको लागि सबै वडा अध्यक्षज्यूहरु, नगर सभाका सदस्यज्यूहरु, सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्थाहरु, आम सञ्चारकर्मीहरु, कर्मचारी मित्रहरु, आम नगरबासीबाट सहयोगको अपेक्षा गरेको छु ।

धन्यवाद, जय वडीमालिका

कविता विष्ट

नगर उपप्रमुख